कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर - बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प:.सं. २०८१/०८२ (शिक्षा तथा खेलकुद शाखा)

च:.नं. ७५६

मिति : २०८२/०१/१९

विषय : हाजिरिजवाफ प्रतियोगितामा सहभागी पठाउने सम्बन्धमा ।

श्री कोहलपुर नगरपालिका अन्तरगतका माध्यमिक विद्यालयहरू !

कोहलपुर - बाँके ।

प्रस्तुत विषयमा कोहलपुर नगरपालिकाको मिति २०८२/०१/२५ औपचारिक रुपमा मनाइने १२ औं वार्षिकोत्सवको उपलक्ष्यमा कोहलपुर नगरपालिकाको आयोजना तथा कोहलपुर वाङ्मय प्रतिष्ठानको सहकार्यमा तपसिल अनुसारको मिति, समय र स्थानमा हाजिरिजवाफ प्रतियोगिता संचालन हुने भएकाले निम्नानुसारको प्रावधानसहित प्रतियोगितामा सहभागी पठाइदिनु हुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

प्रतियोगिता हुने मिति : २०८१ वैशाख २४ गते

समय : बिहान ११:०० बजे

स्थान : कोहलपुर नगरपालिकाको नगर सभा हलमा ।

**केही प्रावधानहरू :**

- प्रत्येक विद्यालयबाट माध्यमिक तह (कक्षा ९-१२) बाट कम्तिमा एक जना छात्रा सहित २ जना सहभागी हुनु पर्नेछ ।
- प्रतियोगिता अनलाइन 'Quizziz' एपमार्फत सञ्चालन हुनेछ । प्रत्येक समूहले दिएको अनलाइन कोड प्रयोग गरी प्रतियोगितामा सहभागी हुनेछन् ।
- प्रश्नहरू विभिन्न विषयहरूबाट हुनेछन्, जस्तै: सामाजिक शिक्षा, अंग्रेजी, गणित, विज्ञान, इतिहास, सामान्य ज्ञान, बौद्धिक क्षमता (IQ), खेलकुद, साहित्य, स्वास्थ्य, राजनीति, स्थानीयता, संस्कृति, वर्तमान विषयवस्तु आदि ।
- जम्मा ५० वटा प्रश्नहरू रहनेछन्। प्रत्येक समूहले हरेक प्रश्नको उत्तर ३० सेकेन्डभित्र दिनुपर्नेछ ।
- अंकको गणना र विजयी समूहहरूको निर्धारण Quizziz system बाटै गरिनेछ ।
- प्रत्येक समूहले इन्टरनेट डेटा प्याकसहित पूर्ण चार्ज गरिएको Android/Smart फोन अनिवार्य रूपमा ल्याउनुपर्नेछ ।
- सहभागीहरूले प्रतियोगिताको समयमा Quizziz एप वा chrome बाट Quizziz सुचारु रुपमा सञ्चालन हुने सुनिश्चित गर्नुपर्दछ ।
- प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थानको लागि आकर्षक पुरस्कारको व्यवस्था गरिएको छ ।
- नाम दर्ता तथा थप जानकारीको लागि ९८४८१८६३२२ मा सम्पर्क गर्न सक्नु हुनेछ ।
- सहभागी टोलीको नाम दर्ता मिति २०८२/०१/२३ गतेसम्म गरिसक्नु पर्नेछ ।

रामबहादुर हमाल
उप सचिव

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव